जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १०० पृष्ठः ४ | २०८३ साउन २४ आइतबार (Sunday 09 Aug. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# घर–घरमा स्वच्छताको संस्कार बसाल्ने लक्ष्यसहित लहान नगरपालिकाको अभियान जारी



लहान, २३ साउन। सरसफाइसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले लहान नगरपालिकाले सञ्चालन गरिरहेको ‘घर–घरको शान, स्वच्छता अभियान’ अन्तर्गत वडा नम्बर ३ को बिहारपुर टोलमा बुधबार जनचेतनामूलक सडक नाटक तथा स्वच्छता र्‍याली आयोजना गरिएको छ।

नगरपालिकाले अभियानलाई औपचारिक कार्यक्रममा मात्र सीमित नराखी नगरका सबै वडामा नियमित रूपमा सडक नाटक, स्वच्छता र्‍याली तथा अन्य सिर्जनात्मक कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ। नागरिकमा सरसफाइसम्बन्धी सकारात्मक सोच र व्यवहार परिवर्तन ल्याउने उद्देश्यले अभियानलाई निरन्तरता दिइएको हो।

कार्यक्रममा स्थानीय युवा, महिला, बालबालिका तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो। सहभागीहरूले ‘गहना–गहनरी, रूप–सिङ्गार, शौचालयबिना जीवन बेकार’, ‘स्वच्छता अपनाऔँ, बिरामी हटाऔँ’ र ‘शौचालय हाम्रो सभ्यताको इज्जत हो’ लगायतका नारासहित बिहारपुर क्षेत्रको परिक्रमा गर्दै स्वच्छताको सन्देश प्रवाह गरेका थिए।

र्‍यालीपछि प्रस्तुत गरिएको सडक नाटकमार्फत शौचालयको नियमित प्रयोग, व्यक्तिगत सरसफाइ, वातावरण संरक्षण तथा खुला दिसामुक्त अवस्थाको दिगोपनाबारे सन्देश दिइएको थियो। कलाकारहरूले मनोरञ्जनात्मक शैलीमार्फत स्वच्छता, स्वास्थ्य र सामाजिक जिम्मेवारीबीचको सम्बन्ध उजागर गर्दै सरसफाइलाई दैनिक जीवनको अभिन्न अभ्यास बनाउनुपर्ने सन्देश दिएका थिए।

सडक नाटकको मुख्य सन्देश ‘शौचालय मर्यादासँग जोडिएको छ, शौचालय हाम्रो शान हो’ भन्ने रहेको थियो। प्रस्तुतिमार्फत शौचालयलाई केवल भौतिक संरचना नभई स्वास्थ्य, आत्मसम्मान, पारिवारिक प्रतिष्ठा र सभ्य समाज निर्माणको आधारका रूपमा चित्रण गरिएको थियो। साथै स्वच्छ वातावरण निर्माणमा प्रत्येक नागरिकको सक्रिय सहभागिता आवश्यक

**–बाँकी अन्तिम पेजमा**

# सिरहामा ९१ किलो गाँजासहित एकजना पक्राउ, ४ जना फरार



सिरहा, २३ साउन। सिराहामा ९१ किलो गाँजा सहित एकजना मानिस पक्राउ परेका छन्। घटनमा संलग्न अन्य ४ जना फरार भएका छन्। जिल्ला प्रहरी कार्यालयका अनुसार शुक्रबार राति गस्तीको क्रममा जिल्लाको सखुवानान्कारकट्टी ४, सिमरा बलान खोलाबाट उक्त गाँजा सहित एक जनालाई नियन्त्रणमा लिएको जनाएको छ।

प्रहरी प्रवक्ता एवं डिएसपी रमेश बहादुर पालका अनुसार इलाका प्रहरी कार्यालय सिराहा र महेशवारीको संयुक्त गस्ती टोलीले ५ जना मानिसहरू कपडाको नाम्लो बनाई टाउकोमा बोरा बोकी हिँडिरहेको अवस्थामा प्रहरी देख्नासाथ बोरा फालेर भाग्ने क्रममा भगवानपुर ४ जमुवाटोल बस्ने ४३ वर्षीय मोहन साहलाई पक्राउ गरेको जनाएको छ।

अभियुक्तहरूले फालेको बोरा खान तलासी गर्दा लागुऔषध गाँजा जस्तो देखिने पदार्थ फेला परेको प्रहरीले जनाएको छ। पक्राउ परेका अभियुक्तलाई थप अनुसन्धानको

**–बाँकी अन्तिम पेजमा**

# खाना पकाउने ग्यासमा बिक्रेताको थप शुल्क, कारबाहीको चेतावनीपछि स्थगित



**मणिलाल विश्वकर्मा**

लहान, २३ साउन। खाना पकाउने ग्यासमा नेपाल आयल निगमले तोकेको मूल्यमा थप २० रुपैयाँ सेवा शुल्क लिने ग्यास बिक्रेता संघले गरेको निर्णय स्थानीय प्रशासनले कारबाही गर्ने चेतावनी दिएपछि स्थगित भएको छ।

सिराहा जिल्ला ग्यास बिक्रेता संघ सिराहाले शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै गत १७ असारदेखि कायम गरिएको १४.२ केजी सिलिन्डरको बिक्री मूल्य दुई हजार ६० रुपैयाँ ( मूल्य अभिवृद्धि करसहित) मा थप २० रुपैयाँ सेवा शुल्क लिएर दुई हजार ८० रुपैयाँमा बेच्न संघमा आबद्ध व्यवसायीहरूलाई निर्देशन जारी गरेको थियो।

संघले नै निर्देशन दिएपछि व्यवसायीहरूले पेट्रोलियम पदार्थको आयात र बिक्री/वितरण गर्दै आइरहेको निगमले तोकेको मूल्यमा सेवा शुल्कको नाममा थप २० रुपैयाँ मूल्य थपेर बिक्री गर्दै आएको उपभोक्ताहरूको गुनासो छ।

सरकारी दरभन्दा बढी मूल्यमा नबेच्न जिल्ला प्रशासन र इलाका प्रशासन कार्यालयले तोकेता गरिरहेका बेला उल्टै थप २० रुपैयाँ सेवा शुल्क लिएर ग्याँस बिक्री गर्न विज्ञप्तिमार्फत संघले निर्देशन दिएको भोलिपल्ट शनिबार पुनः

**–बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।
- सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## श्रद्धाञ्जलीमा राजनीति होइन, न्याय चाहिन्छ

सुनसरीको कप्तानगन्ज र सिरहाको गोलबजारमा प्रहरीको गोली लागेर ज्यान गुमाएका युवाहरूको सम्झनामा आयोजित श्रद्धाञ्जली कार्यक्रम शोक, संवेदना र सामाजिक एकताको सन्देश दिने थलो बन्नुपर्ने थियो। तर, त्यही कार्यक्रममा सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद तपेश्वर यादवले दिएको अभिव्यक्तिपछि उत्पन्न हो–हल्ला र तनावले एउटा गम्भीर प्रश्न उठाएको छ, के हामी मृतकको पीडामाथि पनि राजनीतिक स्वार्थको खेती गर्न थालेका छौं?

श्रद्धाञ्जली कार्यक्रमको मूल उद्देश्य मृतकप्रति सम्मान व्यक्त गर्नु, शोकसन्तप्त परिवारप्रति ऐक्यबद्धता जनाउनु र हिंसापछि बिथोलिएको सामाजिक सद्भाव पुनःस्थापित गर्नु हो। यस्तो संवेदनशील अवस्थामा राजनीतिक दलका प्रतिनिधिले अझ बढी संयम, जिम्मेवारी र तथ्यपरकता देखाउनुपर्छ। तर, कार्यक्रममा सरकारविरुद्ध षड्यन्त्र भइरहेको, आगामी निर्वाचनमा आफ्नो दललाई कमजोर बनाउने खेल भइरहेको तथा हिन्दु–मुस्लिम र पहाडी–मधेशीबीच द्वन्द्व कसले गरायो भन्नेजस्ता प्रश्न उठाउँदै आक्रोशपूर्ण अभिव्यक्ति दिनु परिस्थितिलाई थप संवेदनशील बनाउने काम हो।

राजनीतिक नेतृत्वले प्रश्न उठाउन पाउँछ। सरकारको आलोचना गर्न पाउँछ। घटनाको निष्पक्ष छानबिन माग्न पाउँछ। तर, छानबिन भइरहेका बेला कुनै प्रहरी अधिकारीको नामै लिएर सार्वजनिक रूपमा दोषी करार गर्नु भनेको कानुनी प्रक्रियामाथि नै प्रश्न उठाउनु हो। दोषी को हो भन्ने निष्कर्ष अनुसन्धान र प्रमाणले निकाल्ने हो, राजनीतिक मञ्चबाट होइन। राज्यका जिम्मेवार व्यक्तिले न्यायिक प्रक्रियालाई प्रभावित पार्ने किसिमका अभिव्यक्ति दिनु आफैँमा गम्भीर विषय हो।

अझ गम्भीर कुरा, साम्प्रदायिक तनावबाट भर्खरै गुज्रिरहेको समाजमा हिन्दु–मुस्लिम, पहाडी–मधेशी जस्ता संवेदनशील विषयलाई उत्तेजित भाषामा उठाउनु हो। सिरहा र सुनसरीको घटनाले देखाइसकेको छ, अफवाह, उत्तेजना र राजनीतिक भाषणले समाजलाई कति छिटो विभाजित गर्न सक्छ। वर्षौंदेखि मिलेर बसेका समुदायबीच अविश्वास सिर्जना गर्न केही उत्तेजक शब्द नै पर्याप्त हुन्छन्। त्यसैले सार्वजनिक पदमा रहेका व्यक्तिको बोली सामान्य नागरिकको बोलीभन्दा धेरै जिम्मेवार हुनुपर्छ।

नेपालको संविधानले सबै नागरिकलाई समान अधिकार र सम्मानको प्रत्याभूति गरेको छ। हिन्दु–मुस्लिम वा पहाडी–मधेशीको नाममा समाज विभाजन गर्ने कुनै पनि प्रयास लोकतान्त्रिक मूल्यविरुद्ध छ। त्यसैले अहिले आवश्यक कुरा आरोप–प्रत्यारोप होइन, सत्यको खोजी र सद्भावको पुनर्निर्माण हो। गोलबजारमा भएको हिंसापछि निजी घर, पसल र व्यवसायमा तोडफोड तथा आगजनी हुनु केवल केही व्यक्तिको सम्पत्तिमाथिको क्षति होइन यसले स्थानीय अर्थतन्त्र, नागरिकको मनोविज्ञान र सामाजिक विश्वासमा समेत चोट पुऱ्याएको छ। लामो समय बजार बन्द रहनु, व्यवसायीको व्यापार ठप्प हुनु र सर्वसाधारणमा डर कायम रहनु सामान्य विषय होइन। पीडितलाई राहत, क्षतिपूर्ति र पुनःस्थापनाको ठोस व्यवस्था राज्यको पहिलो प्राथमिकता बन्नुपर्छ।

सरकारले मृतकका परिवारलाई राहत, घाइतेको उपचार, क्षतिको मूल्यांकन र घटनाको निष्पक्ष छानबिनलाई तीव्रता दिनुपर्छ। छानबिन समिति गठन गरेर मात्र राज्यको दायित्व पूरा हुँदैन। अनुसन्धानको निष्कर्ष सार्वजनिक गर्नुपर्छ र दोषी प्रमाणित हुने जोसुकैलाई कानुनअनुसार कारबाही गर्नुपर्छ। दोषीलाई राजनीतिक संरक्षण नदिने र निर्दोषलाई राजनीतिक दबाबमा फस्न नदिने प्रतिबद्धता राज्यले व्यवहारबाट देखाउनुपर्छ। गोलबजारमा बजार पुनःखुल्न थालेको खबर सकारात्मक छ तर पसल खुल्नु मात्र सामान्य अवस्था फर्किएको संकेत होइन। नागरिकको मनबाट डर हट्नुपर्छ, समुदायबीचको विश्वास पुनःस्थापित हुनुपर्छ र फेरि यस्ता घटना नदोहोरिने वातावरण बन्नुपर्छ।

आज मृतकका परिवारलाई भाषण होइन, न्याय चाहिएको छ। घाइतेलाई आश्वासन होइन, उपचार चाहिएको छ। क्षतिग्रस्त व्यवसायीलाई सहानुभूति मात्र होइन, पुनःस्थापनाको ठोस आधार चाहिएको छ। र समाजलाई राजनीतिक उत्तेजना होइन, शान्ति र भरोसा चाहिएको छ। श्रद्धाञ्जलीको मञ्च मृतकको पीडालाई राजनीतिक नारामा रूपान्तरण गर्ने ठाउँ होइन। यो आत्मसमीक्षा गर्ने, सत्यको पक्षमा उभिने र विभाजित समाजलाई फेरि जोड्ने अवसर हो। सत्ता पक्ष होस् वा प्रतिपक्ष—सबैले बुझ्नुपर्छ, जनताको घाउमाथि राजनीति गर्ने छुट कसैलाई छैन।

मृतकप्रति सच्चा श्रद्धाञ्जली त्यतिबेला मात्र हुनेछ, जब घटनाको सत्य बाहिर आउनेछ, दोषीले कानुनी सजाय पाउनेछन्, निर्दोषले न्याय पाउनेछन् र हिन्दु–मुस्लिम, पहाडी–मधेशीबीचको सदियौँ पुरानो भाइचारा कुनै राजनीतिक उत्तेजनाको सिकार बन्ने छैन।

# बाल नेत्ररोग विशेषज्ञ डा. सञ्जय– 'उपचारपछि दृष्टिविहीन बालबालिकाले आफूतिर हेरेर बाइबाइ गर्दा कम्ता आनन्द आउँदैन'

**उपेन्द्र खड्का**



डा. सञ्जय कुमार सिंह बाल नेत्ररोग विशेषज्ञ हुन्। नेत्ररोग (अपथाल्मोलोजी) विषयमा 'एमडी/एमएस' गरेयता उनले ७५ हजारभन्दा बढी व्यक्तिको शल्यक्रिया गरी आँखाको ज्योति फर्काइसकेका छन्। तीमध्ये करिब सात हजार बालबालिका हुन्, जसको मोतिबिन्दु, जलबिन्दु र डेरोपनाजस्ता जटिल समस्याको शल्यक्रिया गरेर उनी नयाँ दृष्टि दिन सफल भएका छन्। उनै डा. सञ्जयले चिकित्सकीय पेसाका क्रममा भोगेका र अनुभव गरेका केही रोचक प्रसङ्गहरू उकेरासँग साटेका छन्:

**चार महिनाका बालकको ज्योति फर्काएपछिको त्यो क्षण...**

डा. सञ्जयले ३–४ महिनाका दृष्टिविहीन शिशुहरूको समेत शल्यक्रिया गरी आँखाको ज्योति फर्काएका छन्। जन्मजात आँखा नदेख्ने ती शिशुहरू शल्यक्रियापछि आँखा देख्ने हुन्छन्। जब उनीहरू फलोअपका लागि अस्पताल आउँछन् अनि उमेरसँगै टुकुटुकु हिँड्ने र 'टाटा... बायबाय' गर्दै हात हल्लाउँछन्, त्यतिबेला डा.सञ्जयलाई कम्ता खुसी लाग्दैन। उनी कहिलेकाहिँ यस्तै कुरा सम्झेर भावुक पनि बन्छन्।

डा. सञ्जयले जन्मजात नै दुवै आँखा नदेखेका एक बालकको ज्योति फर्काएको प्रसङ्ग सम्झिए। प्रसङ्ग केही महिनाअघिको हो। करिब दुई महिनाको बालकलाई लिएर करिब २२ वर्षकी आमा लहान आँखा अस्पताल पुगेकी थिइन्। जन्मिएको दुई महिनापछि बालकको आँखामा सेतो टाटा देखिएपछि उनी जाँच गराउन आएकी रहिछन्। डा. सञ्जयले परीक्षणका क्रममा मोतिबिन्दुका कारण बालकले जन्मजात नै आँखा नदेखेको पत्ता लगाए।

कारण खोज्दै जाँदा ती बालककी दिदीमा पनि जन्मजात मोतिबिन्दुकै समस्या रहेको र शल्यक्रियाबाटै ज्योति फर्काइएको खुल्यो। यसबाट ती बालकमा पनि वंशाणुगत कारणले नै जन्मजात मोतिबिन्दु भएको पुष्टि भयो।

बालकको दृष्टि फर्काउन दुवै आँखाको शल्यक्रिया गर्नुपर्ने भयो। आवश्यक सबै तयारीपछि डा. सञ्जयको टिमले बालकको दुवै आँखाको सफल शल्यक्रिया गर्‍यो। यसरी ती बालकले चार महिनाको उमेरमा पहिलोपटक बाहिरी संसार देखे।

बालकलाई एक वर्षपछि फलोअपमा बोलाइएको थियो। जब आमाले चस्मा लगाएका ती बालकलाई लिएर पुनः अस्पताल आइन्, बालक डेढ वर्षका भइसकेका थिए र टुकुटुकु हिँड्न सक्थे। डा. सञ्जयले आवश्यक जाँच र औषधि उपचार गरेपछि उनीहरू फर्कन लागे। फर्कने क्रममा ती बालकले डा. सञ्जयतिर हेरेर मुस्कुराउँदै 'टाटा... बायबाय' गर्दै हात हल्लाए।

जन्मजात बाहिरी संसार नदेखेका ती अबोध बालकले संसार देखेर हात हल्लाएको त्यो क्षण सम्झँदा



डा. सञ्जयलाई अहिले पनि उत्तिकै आनन्द र सन्तुष्टि मिल्छ। यो त एउटा प्रसङ्ग मात्रै हो, उनले यस्ता समस्या भएका सयौँ बालबालिकाको जीवनमा उज्यालो भरिसकेका छन्। वयस्क व्यक्तिको तुलनामा साना बालबालिकाको आँखाको समस्या पहिल्याएर शल्यक्रिया तथा उपचार गर्नु निकै चुनौतीपूर्ण हुने डा. सञ्जय बताउँछन्।

साना बालबालिकाले आफूलाई भएको असजिलो भन्न नसक्ने र उनीहरूको शारीरिक अङ्गहरू निकै संवेदनशील हुने भएकाले उपचार सहज हुँदैन। शल्यक्रियाका क्रममा थोरै मात्र त्रुटि भए पनि बालबालिकाको दृष्टि सधैँका लागि गुम्ने जोखिम हुने भएकाले निकै संवेदनशील र चनाखो हुनुपर्ने उनको अनुभव छ।

**जब भारतीय शिक्षिका खुट्टै ढोग्न अघि सरिन...**

भारतको बिहारबाट आएकी एक शिक्षिकाको आँखा उपचार गर्दाको प्रसङ्ग पनि डा. सञ्जय कहिल्यै भुल्दैनन्। केही वर्षअघि करिब ३० वर्षकी ती शिक्षिका आँखाको उपचारका लागि लहान आँखा अस्पताल पुगेकी थिइन्। डा. सञ्जयको टिमले जाँच गर्दा उनमा डेरोपनको समस्या देखियो। उनको आँखा भित्र पसेको थियो र एकातिर हेर्दा अर्कातर्फ देखिन्थ्यो।

चिकित्सकीय भाषामा यसलाई 'स्क्विन्ट आइ' भनिन्छ। आँखाको डेरोपनका कारण उनलाई कक्षाकोठामा विद्यार्थीहरूलाई पढाउनसमेत निकै कठिन भइरहेको थियो। जाँचका क्रममा ती महिलाले डा. सञ्जयसँग याचना गर्दै भनिन्, 'डाक्टरसाब ! यो आँखा ठीक भएन भने त मलाई स्कुलको जागिरबाटै निकालिदिन्छन्।'

तर, शल्यक्रिया गरेर उनको आँखा ठीक ठाउँमा ल्याउन सकिने अवस्था थियो। डा. सञ्जयले उपचार सम्भव रहेको ढाडस दिए। आवश्यक तयारीपछि चिकित्सकको टिमले सुरुमा एउटा आँखाको शल्यक्रिया गर्‍यो। शल्यक्रियापछि एउटा आँखा सही अवस्थामा आयो। त्यसको तीन महिनापछि डा. सञ्जयले अर्को आँखाको पनि शल्यक्रिया गरिदिए। दुवै आँखाको शल्यक्रियापछि उनको डेरोपन पूर्ण रूपमा ठीक भयो र उनले सामान्य रूपमा देख्न थालिन्।

आफ्नो समस्या ठीक भएपछि ती शिक्षिका डा. सञ्जयप्रति यति धेरै कृतज्ञ भइन् कि उनले भावुक हुँदै डाक्टरको खुट्टै ढोग्न खोजिन्। भारतका धेरै ठाउँ भौँतारिएर निराश बनेकी ती शिक्षिकालाई नयाँ जीवन दिन पाएको त्यो क्षण डा. सञ्जयको मानसपटलमा अझै ताजा छ।

**आँखाको ज्योति फर्काउने पेसागत रोजाइ**

सिरहाको साविक लालपुर गाविस वडा नम्बर–८ मा २०३४ सालमा जन्मिएका सञ्जय कुमार सिंह सानैदेखि अध्ययनमा लगनशील र अब्बल थिए। विद्यालय तहमा सधैँ प्रथम हुने सञ्जयले स्थानीय गोलबजारस्थित जनता माध्यमिक विद्यालयबाट २०४९ सालमा प्रथम श्रेणीमा एसएलसी उत्तीर्ण गरे।

एसएलसीपछि उनी काठमाडौं आएर दाइसँग बसी त्रिचन्द्र क्याम्पसबाट आईएससी गरे। दाइको इच्छा र आफ्नै पनि रुचि भएकाले उनी डाक्टरी पढ्ने तयारीमा लागे। प्रवेश परीक्षामा उनी छात्रवृत्ति कोटामै छनोट भए। छोरो डाक्टर पढ्न पाउने भएपछि खेतमा काम गरिरहेकी उनकी आमा खुसीले भावुक बनेर रोएकी थिइन् रे !

छनोटपछि उनी त्रिभुवन विश्वविद्यालय, चिकित्सा शास्त्र अध्ययन संस्थान (आईओएम) अन्तर्गत महाराजगञ्ज चिकित्सा क्याम्पसमा २०५४ सालमा भर्ना भए र २०६० मा एमबीबीएस पूरा गरे। एमबीबीएस सिध्याएपछि उनलाई काठमाडौंमा बस्नै मन लागेन। उनी सुनसरीको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पुगेर करार मेडिकल अधिकृतका रूपमा बाल आईसीयूमा करिब दुई वर्ष काम गरे।

त्यसपछि उनले स्नातकोत्तर तह अध्ययन गर्ने निर्णय गरे। स्नातकोत्तरका लागि उनको रोजाइको विषय बन्यो– नेत्ररोग (अपथाल्मोलोजी)। छनोट परीक्षा उत्तीर्ण गरी उनी सन् २००५ मा बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमै भर्ना भए र सन् २००८ मा एमडी/एमएस पूरा गरे। अध्ययन सकिएपछि उनले सोही प्रतिष्ठानमा सन् २०११ सम्म सिनियर रेजिडेन्टका रूपमा काम गरे।

**प्राथमिकतामा बाल आँखारोग**

धरानपछि डा. सञ्जय वीरगञ्जको 'आरएम केडिया आँखा अस्पताल' मा कार्यरत रहे। त्यहाँ काम गरिरहँदा अस्पतालले नै सन् २०१२ मा उनलाई 'बाल आँखारोग' विषयमा एकवर्षे फेलोसिपका लागि

–बाँकी तीन पेजमा

यस पत्रिकाको वर्ष १३, अंक ९२, मिति २०८३ साउन १४ गतेको अंकमा **'श्री जनता माध्यमिक विद्यालय, शिशुवारी'** हुनुपर्नेमा अन्यथा भएकोमा सच्याइएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

# श्री जनता माध्यमिक विद्यालय शिशुवारी

## सुरुङ्गा न.पा.-१, सप्तरी

## करार शिक्षक पदपूर्ति सम्बन्धी सूचना

**मिति : २०८३/०४/१३**

प्रस्तुत विषयमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८३।०४।०४ को निर्णय र सुरुङ्गा नगरपालिका सप्तरीको च.नं. ९५, मिति २०८३।०४।१३ गतेको पत्रानुसार यस विद्यालयमा निम्न माध्यमिक तह, अंग्रेजी विषयको राहत अनुदान (कोटा) मा खुल्ला प्रतियोगिताबाट करार शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ।

**तपसिल :**

१. विज्ञापन नं. : ०१/२०८३/८४
२. पद : शिक्षक
३. तह : निम्नमाध्यमिक
४. किसिम : राहत (करार)
५. विषय : अंग्रेजी
६. पद संख्या : १ (एक)
७. शैक्षिक योग्यता : अंग्रेजी मूल विषय लिई प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्णय।
८. दरखास्त दस्तुर : रु. २५००।-
९. आवश्यक कागजातहरुः शैक्षिक योग्यताको प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्र, स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि, २ (दुई) प्रति पासपोर्ट साइजको फोटो र हस्तलिखित निवेदन।
१०. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
११. तलब स्केल : नेपाल सरकारले तोकेअनुसार।
१२. परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता।
१३. दरखास्त दिने मिति : २०८३।०४।१३ गते देखि २०८३।०४।२७ गते सम्म विद्यालय समयभित्र।
१४. सम्पर्क मिति : २०८३।०४।२८ गते विद्यालय समयभित्र।
१५. परीक्षा मिति : सम्पर्क मितिको दिन तोकिने छ।

पुनःश्च : तोकिएको अवधिभित्र शिक्षक सेवा आयोगबाट करार सूचीमा सूचीकृत आवेदकले निवेदन दिएमा निजलाई प्राथमिकता दिइनेछ र अन्य आवेदकको दस्तुर फिर्ता गरिनेछ।

सम्पर्क नं. : ९८१२२५८८२१, ९८६१३३८७५०

**प्रधानाध्यापक**

*खाना पकाउने ...*

अर्को विज्ञप्तिमार्फत उक्त निर्णय अर्को सूचना नभएसम्मका लागि स्थगित भएको जनाएको छ।

जिल्ला र इलाका प्रशासनले निगमले तोकेको मूल्यभन्दा बढीमा बिक्री गर्न नपाइने भनिरहेका बेला संघले सेवा शुल्क २० रुपैयाँ लिन पाउने गरी जारी गरेको विज्ञप्तिको लहान नगरपालिका, इलाका प्रशासन कार्यालय, जिल्ला उद्योग वाणिज्य संघ, नेपाल पत्रकार महासंघ र उपभोक्ता मञ्चलाई बोधार्थ पठाएको थियो। संघका जिल्ला अध्यक्ष श्यामनारायण सिंहको हस्ताक्षर रहेको पघिल्लो विज्ञप्तिमा निगमबाट तोकिएको दररेटभन्दा बढी रकम वा सेवा शुल्क नलिई ग्यास बिक्री गर्न आग्रह गरिएको छ।

निगमले निर्णय गरेको १७ असारदेखि २२ साउनसम्म ग्यास बिक्रेताहरूले उपभोक्ताहरूबाट सेवा शुल्कको नाममा असुल गरेको रकम फिर्ता वा के हुन्छ भन्ने विषयमा अध्यक्ष सिंह र महासचिव रामप्रसाद साहसँग फोनमा पटक-पटक कुराकानी गर्ने प्रयास गरिए पनि सम्पर्कमा आउन चाहेनन्।

**'थप रकम लिएको पुष्टि भए कारबाही'**

ग्यास बिक्रेताहरूले तोकिएको मूल्यभन्दा बढी रकम लिएको सम्बन्धमा केही उपभोक्ताको गुनासो रहेको भन्ने आफूले पनि सुनेको जानकारी दिँदै सिराहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले २० रुपैयाँ बढी लिएको कोही उपभोक्ताले प्रमाणसहित आए सम्बन्धित बिक्रेतालाई कारबाही गरिने बताए। 'त्यही विषयमा बुझ्न शनिबार जिल्ला र इलाका प्रशासनको अनुगमन टोली खटाइएको छ,' उनले भने, 'सिराहाको कर्जन्हा, मिर्चैया, धनगढीमाईलगायतका क्षेत्रमा अनुगमन गरिएको छ।'

लहान नगरपालिकाका उपप्रमुख रामचलितर महतोले २१ साउनमा सूचना जारी गर्दै बजार व्यवस्थापन र उपभोक्ता हित संरक्षण समितिको बैठकपछि नगर क्षेत्रका ग्यास बिक्रेता डिलरहरूलाई उपभोक्ताहरूबाट अतिरिक्त रूपमा लिइएको रकम सात दिनभित्र फिर्ता गर्न आग्रह गरेका थिए। सूचनामा उपभोक्ताहरूले आफूले ग्यास खरिद गरेको सम्बन्धित डिलरमा गएर आफूले तिरेको बढी रकम फिर्ता लिन आग्रह गरिएको छ।

गत १६ असारको मध्यरातदेखि लागू हुने गरी निगमले खाना पकाउने ग्यासको मूल्य प्रतिसिलिन्डर एक सय रुपैयाँ घटाएर १४.२ केजीको ग्यास सिलिन्डरको दुई हजार ६० र ७.१ केजीको सानो सिलिन्डरको मूल्य ५० रुपैयाँ घटाएर एक हजार ३० रुपैयाँ कायम गरेको थियो।

*बाल नेत्ररोग विशेषज्ञ...*

भैरहवास्थित 'लुम्बिनी आई इन्स्टिच्युट' पठायो। फेलोसिप सकेर उनी पुनः आरएम केडियामै फर्किए। त्यहाँ फर्किएको एक वर्षपछि अस्पतालले उनलाई 'मेडिकल डाइरेक्टर' को जिम्मेवारी सुम्पियो।

बालबालिकाको मोतिविन्दु, जलविन्दु र डेरोपनजस्ता समस्याको शल्यक्रिया तथा उपचार गरी ज्योति फर्काउनु नै डा. सञ्जयको मुख्य दैनिकी बन्यो। सन् २०१६ सम्म वीरगञ्जमा काम गरेपछि उनी आफ्नै घरपायक पर्ने सगरमाथा आँखा अस्पताल (लहान आँखा अस्पताल) पुगे। वरिष्ठ बाल नेत्ररोग विशेषज्ञका रूपमा कार्यरत उनी हाल लहान आँखा अस्पतालको 'अस्पताल प्रमुख'को भूमिकामा छन्। डा. सञ्जयको दैनिकी अहिले अस्पतालको समग्र व्यवस्थापकीय नेतृत्व सम्हाल्नु र बालबालिकाको आँखाको शल्यक्रिया तथा उपचार गरी ज्योति फर्काउनु हो। उनको भूमिका यतिमा मात्र सीमित छैन। चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) अन्तर्गत नेत्ररोग विषयमा स्नातकोत्तर अध्ययन गर्ने विद्यार्थीहरू लहान आँखा अस्पतालमै पढ्ने भएकाले उनी प्रतिष्ठानको 'एसोसिएट प्रोफेसर' पनि हुन्।

नेत्ररोग विषयका विद्यार्थीलाई ज्ञान तथा सिप सिकाउनु, अनुसन्धानमा मार्गदर्शन गर्नु र लहानमा सञ्चालित बाल नेत्ररोग विषयको फेलोसिप कार्यक्रम हाँक्नु डा. सञ्जयको दैनिकी हो।उकेराबाट

# दुर्व्यसनी र अनैतिक क्रियाकलापको अखडा बनिरहेको जनकपुरको नोचा पोखरी




जनकपुरधाम, २३ साउन। ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले जनकपुरधाम मिथिला भूमि आफैँमा भरिपूर्ण मानिन्छ। कुनै बेला यो सहर '५२ कुटी, ७२ कुण्ड' को नामले परिचित थियो। तर अहिले त्यो उपमा नाममा मात्र सीमित छ। अहिले यो सहरमा न त ५२ वटा कुटी छन्, न त ७२ वटा कुण्ड नै। कतिको अस्तित्व नै लोप भइसकेको छ भने कति संरक्षणको पर्खाइमा छन्। अर्कोतर्फ, जसले संरक्षण र प्रचारप्रसार पाएर पर्यटकीय गन्तव्यका रूपमा पहिचान बनाउँदै छ, त्यस्ता स्थल भने अनैतिक क्रियाकलापका अखडा बन्न थालेका छन्। जनकपुरभित्र रहेको चर्चित गन्तव्य 'नोचा पोखरी' यसैको एउटा उदाहरण हो।

दुई-तीन वर्षयता यो पोखरीले यति चर्चा पायो कि यहाँ घुम्न तथा अवलोकन गर्न जानेहरूको ताँती नै लाग्थ्यो। सहरको कङ्क्रिटमय वातावरणलाई बिर्सँदै यस स्थान वरपरको हरियाली र शान्त वातावरणमा रमाउन बालबालिका, युवायुवतीदेखि अधबैँसेसम्मको घुइँचो लाग्ने गर्थ्यो।

सहरको नजिकै हुनु र सामाजिक सञ्जालको अल्गोरिदमले यसलाई केही समय आफ्नो कब्जामा लिनुले युवापुस्ता यहाँ नपुग्ने कुरै भएन। जनकपुर उपमहानगरपालिका-९ रजौलका सञ्जय चौधरी भन्छन्, 'एकताका यो नोचा पोखरी यति प्रसिद्ध थियो कि यहाँ नपुग्ने कोही थिएनन्। फेसबुक, टिकटक, इन्स्टाग्राम जताततै यसैको मात्र चर्चा सुनिन्थ्यो।'

जनकपुरको मुरली चोक, क्याम्पस चोक र एयरपोर्ट छिचोलेपछि सिक्स लेन सडक आउँछ। त्यहाँबाट थोरै पूर्वतर्फको गल्लीमा ५-७ सय मिटर कच्ची बाटो तय गरेपछि पुगिन्छ- कोलाहलमुक्त, शान्त एवं हरियाली वातावरणयुक्त नोचा पोखरी। पोखरीको चारैतिर धानबाली लगाइएका खेतका फाँट, त्यहाँ काम गरिरहेका किसान, सडक छेउछाउ फाट्टफुट्ट घर र मुख्य प्रवेशद्वारमै रहेको नोचा रिसोर्टले यहाँको शान्त वातावरण र विशेषतालाई झल्काउँछन्।

यो पोखरीको सौन्दर्यीकरणमा स्थानीय तहले राम्रै रकम खर्चिएको देखिन्छ। पोखरीलाई सुरक्षित बनाउन चारैतिर आकर्षक पर्खाल निर्माण गरिएको छ भने डिललाई पनि आकर्षक बनाइएको छ। पोखरीको माथिल्लो भागमा आगन्तुकहरू बस्न सुविधासम्पन्न पक्की कुर्सीहरू राखिएका छन्। युवाहरूले अत्यधिक रुचाउने ठाउँ भएकाले पोखरीको एक साइडमा 'सेल्फी स्पट' समेत निर्माण गरिएको छ, जहाँ विशेष दिनहरूमा तस्बिर खिच्न तछाडमछाड नै चल्ने गर्छ।

स्थानीय तथा बाह्य आगन्तुकका लागि पर्यटकीय गन्तव्यका रूपमा पहिचान बनाउँदै गएको यो स्थल अहिले अनैतिक क्रियाकलापको क्रीडास्थलमा परिणत हुँदै गएको स्थानीयवासीको आरोप छ। नोचा पोखरी बाहिर खेतमा काम गरिरहेकी रामकली महतो भन्छिन्, 'पहिला निकै राम्रो थियो, मानिसको भिडभाड हुन्थ्यो। अहिले त गाँजेडीहरूको समूह र तन्नेरी केटाकेटी मात्र धेरै आउँछन्। पोखरीको कुना-काप्चामा बसेर अनैतिक क्रियाकलाप गर्छन्।'

यो गन्तव्य अहिले युवायुवतीको 'डेटिङ स्थल'का रूपमा परिणत भएको छ। युवायुवतीहरू मोटरसाइकलमा जोडी बाँधिएर आउँछन् र कुना-काप्चा खोज्दै रमाउने गरेको देखिन्छ। पोखरीभित्र रहेको ठेलाबाट चप खाँदै गरेका पिपराका हुसेन अलीले गुनासो गरे, 'अहिले त बेकार आएजस्तो लाग्न थाल्यो। ऊ त्यहाँ हेर्नुहोस्, चार जनाको समूहमा कोही चुरोट त कोही चिलिममा गाँजा तानिरहेका छन्। यति प्रसिद्धि पाइसकेको ठाउँमा स्थानीय प्रशासनले निगरानी बढाउनुपर्दैन ?'

आगन्तुक बस्नका लागि बनाइएका संरचनाहरू युवायुवतीका डेटिङ स्पट र लागूपदार्थ सेवनकर्ताको रजाइँ गर्ने थलो बनेका छन्। किशोर उमेरका युवाहरूसमेत यहाँ लागुपदार्थ सेवन गरिरहेको अवस्थामा भेटिन्छन् भने पोखरीका घाटहरूमा बियर र रक्सीका बोतलहरू असरल्ल फालिएका देखिन्छन्। बेलुकीको समयमा यहाँ पुग्ने हो भने गाँजा र लागुऔषध सेवन गर्नेहरूको ठुलै समूह देख्न सकिन्छ।

जिल्ला प्रहरी कार्यालयका डीएसपी एवं प्रवक्ता मधुसुदन न्यौपानेले अलि सुनसान स्थान भएकाले पनि त्यस्ता क्रियाकलाप बढेको हुन सक्ने र अब त्यहाँ निगरानी बढाउँदै दिनहुँ गस्ती थप गरिने बताए। उनले भने, 'लागूऔषध नियन्त्रण गर्न हामी लागिपरेका छौँ, अब त्यस क्षेत्रमा नियमित गस्ती गराउँछौँ।'

पोखरीको डिलमाथि रहेको ठुलो वृक्ष र पोखरीको पानीका कारण दिउँसो पनि चिसो अनुभूति हुन्छ। धनुषाकै भमरपुराबाट घुम्न आएका सञ्जय मिश्रले भने, 'यहाँभित्रको गतिविधि भने फिटिक्कै मन परेको छैन। कुना पारेर अनैतिक रूपमा बसिरहेका देखिन्छन्, अब यहाँ नआउनु नै बेस होला।'

स्थानीय तहले राम्रै खर्च गरेर यो स्थानलाई पर्यटकीय गतिविधिका लागि तयार त गर्‍यो, तर अहिले यसको व्यवस्थापन र निगरानीमा स्थानीय तह र प्रशासन दुवै चुक्दा गलत क्रियाकलाप हुने स्थलका रूपमा परिभाषित हुँदै गएको छ। रातोपाटीबाट

## घर-घरमा स्वच्छताको...

रहेकोमा जोड दिइएको थियो।

कार्यक्रमप्रति स्थानीय बासिन्दाको उत्साहजनक सहभागिता देखिएको थियो। सहभागीहरूले सिर्जनात्मक माध्यमबाट समुदायमा पुर्याइएको सन्देश प्रभावकारी हुने र व्यवहार परिवर्तनमा सकारात्मक भूमिका खेल्ने विश्वास व्यक्त गरेका थिए। लहान नगरपालिकाका नगर प्रमुख महेशप्रसाद चौधरीले स्वच्छ नगर निर्माणका लागि भौतिक पूर्वाधार मात्र पर्याप्त नभई नागरिकको सोच र व्यवहारमा परिवर्तन आवश्यक रहेको बताए।

उनले भने, “घर-घरको शान, स्वच्छता अभियान सरसफाइमा मात्र केन्द्रित कार्यक्रम होइन, यो नागरिकको सोच, बानी र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने दीर्घकालीन अभियान हो। स्वच्छ र स्वस्थ लहान निर्माणका लागि जनचेतना अभिवृद्धि र नागरिकको सक्रिय सहभागिता अपरिहार्य छ।”

नगर प्रमुख चौधरीका अनुसार अभियानले शौचालयको नियमित तथा दिगो प्रयोग प्रवर्द्धन गर्नुका साथै व्यक्तिगत र वातावरणीय सरसफाइलाई दैनिक जीवनशैलीको हिस्सा बनाउने तथा जनस्वास्थ्य सुधार गर्ने लक्ष्य राखेको छ। नगरपालिकाले आगामी दिनमा पनि प्रत्येक वडामा सिर्जनात्मक कार्यक्रममार्फत स्वच्छताको सन्देश समुदायस्तरसम्म पुर्याउँदै अभियानलाई निरन्तरता दिने जनाएको छ।

## सिरहामा ९१ किलो...

लागि इलाका प्रहरी कार्यालय सिराहामा ल्याइएको छ भने घटनामा संलग्न भएपनि फरार भएका अभियुक्तहरू भगवानपुर ४ जमुवा टोलका ४३ वर्षीय कलेन्द्र यादव र ब्रम्हदेव यादवसहित पहिचान खुल्न बाँकी अन्य दुईजनाको खोजीकार्य तीव्र बनाइएको प्रहरीले जनाएको छ।

# मधेश सरकारले गणेश यादवको परिवारलाई घर बनाइदिने

सिरहा, २२ साउन। मधेश प्रदेश सरकारले मृतक गणेश यादवको परिवारलाई दुई कोठे घर, किचन र शौचालय निर्माण गरिदिने भएको छ। मधेश प्रदेश सरकारको ‘विपन्नसँग मदन भण्डारी आवास योजना’ अन्तर्गत मृतक गणेश यादवको परिवारका लागि दुई कोठे घर, किचन र शौचालय निर्माण गरिदिने भएको हो। मधेश प्रदेशका शिक्षामन्त्री मनोजकुमार सिंह र मृतकका परिवारबीच शुक्रबार साँझ यससम्बन्धी सहमति भएको हो।

सुनसरी घटनालाई लिएर सिरहाको गोलबजारमा भएको प्रदर्शनको क्रममा १४ साउनमा प्रहरीको गोली लागेर गणेशको मृत्यु भएको थियो। मन्त्री सिंहका



अनुसार आफूले यसअघि नै गणेशको घरमै पुगेर परिवारलाई भेटी संवेदना तथा सान्त्वना व्यक्त गरेका थिए। सो क्रममा परिवारको आर्थिक अवस्था कमजोर रहेको पाएपछि प्रदेश सरकारको बैठकमा आवास निर्माणका विषयमा छलफल गरिएको थियो।

छलफलपछि भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गत सञ्चालित ‘विपन्नसँग मदन भण्डारी आवास योजना’बाट घर निर्माण गर्ने निर्णय गरिएको मन्त्री सिंहले बताए। मृतकका बुवा रामवृक्ष यादव, भौतिक पूर्वाधार कार्यालय सिरहाका इन्जिनियर रामनारायण यादव, औरही गाउँपालिका-२ का वडाध्यक्ष रामअयोध्या यादव लगायतको उपस्थितिमा सहमति भएको हो।प्रदेश सरकारले गर्नुपर्ने आवश्यक प्रक्रिया पूरा गरिसकेको छ। परिवारले घर निर्माणका लागि जग्गा उपलब्ध गराउनेबित्तिकै निर्माण कार्य सुरु हुन्छ,’ सहमतिपछि मन्त्री सिंहले भने।

# मधेश सरकारको खर्च प्रगति कमजोरः मन्त्रालयहरूसँग स्पष्टीकरण माग

**लक्ष्मी चौधरी**

जनकपुरधाम, २३ साउन। मधेश प्रदेश सरकारले बर्सेनि बजेटको आकार बढाउँदै गौरवका आयोजना अघि सारे पनि बजेट कार्यान्वयनमा भने अपेक्षित सफलता हासिल गर्न सकेको छैन। मधेश सरकारको पछिल्लो पाँच वर्षको खर्च विवरणले प्रदेशको समग्र खर्च प्रगतिमा अधिकांश वर्ष ६० प्रतिशतको हाराहारीमा सीमित रहेको र एक वर्ष मात्र ७१ प्रतिशत पुगेको देखाउँछ। त्यसमाथि पुँजीगत खर्च कमजोर रहनुका साथै आर्थिक वर्षको अन्तिम चौमासिकमा अत्यधिक खर्च हुने प्रवृत्ति दोहोरिँदा बजेट कार्यान्वयनको प्रभावकारिता र वित्तीय अनुशासनमाथि प्रश्नसमेत उठेको छ।

आव २०७८/७९ देखि २०८२/८३ सम्मको तथ्याङ्क हेर्दा प्रदेश सरकारको कुल बजेट खर्च अधिकांश वर्ष ५५ देखि ७१ प्रतिशतको सीमामै सीमित रहेको छ। बजेट विनियोजन बढ्दै गए पनि खर्चको अनुपातमा उल्लेखनीय सुधार नआउनुले योजना निर्माणभन्दा कार्यान्वयन पक्ष कमजोर रहेको संकेत गरेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालय मधेश प्रदेशको पछिल्लो पाँच वर्षको तथ्याङ्क हेर्दा प्रदेश सरकारको खर्च विवरणले प्रदेश सरकारको बजेट कार्यान्वयन क्षमता अझै चुनौतीपूर्ण अवस्थामा रहेको देखाएको छ भने बजेट बढे पनि कार्यान्वयन कमजोर देखिएको छ।

गत आव २०८२/८३ मा प्रदेश सरकारले ४६ अर्ब १८ करोड ३५ लाख रुपियाँ बजेट विनियोजन गरेको थियो। त्यसमध्ये असार मसान्तसम्म २६ अर्ब ३९ करोड१७ लाख रुपियाँ मात्र खर्च हुँदा कुल खर्च ५६.७१ प्रतिशतमा सीमित रह्यो। २० अर्ब २९ करोड रुपियाँभन्दा बढी बजेट खर्च हुन सकेन। सबैभन्दा चिन्ताजनक पक्ष भनेको पुँजीगत खर्च हो। विकासनिर्माणका लागि छुट्याइएको बजेटमध्ये करिब १६ अर्ब १५ करोड रुपियाँ मात्र खर्च भएको देखिन्छ जबकि चालुतर्फको खर्च नौ अर्ब ८३ करोड रुपियाँ नाघेको छ। यसले प्रशासनिक खर्चको तुलनामा विकासनिर्माणमा अपेक्षित प्रगति हुन नसकेको सङ्केत गर्छ। यस्तै आव २०८१/८२ मा पाँच वर्ष अवधिकै तुलनात्मक रूपमा राम्रो खर्च प्रगति देखिएको छ। सो वर्ष ४३ अर्ब ८९ करोड २१ लाख ७० हजार बजेटमध्ये ३१ अर्ब २३ करोड ३६ लाखभन्दा बढी खर्च भएको थियो। कुल बजेटको ७१.१६ प्रतिशत खर्च भएको उक्त वर्ष पुँजीगत खर्च पनि पाँच वर्षकै उच्च रहेको थियो। पुँजीगत शीर्षकमा २१ अर्ब ४७ करोड ५० लाखभन्दा बढी खर्च भएको तथ्याङ्कले देखाउँछ।

अन्य वर्षमा भने बजेट कार्यान्वयनको गति अपेक्षाकृत कमजोर देखिएको छ। आव २०८०/८१ मा प्रदेश सरकारले ४४ अर्ब ११ करोड ४६ लाख ३२ हजार बजेट विनियोजन गरे पनि २४ अर्ब ५४ करोड ४९ लाख ३० हजार ३२४ रुपियाँ मात्र खर्च गर्न सकेको थियो। यसले कुल बजेटको ५५.६४ प्रतिशत मात्रै कार्यान्वयन भएको देखाउँछ। यो पाँच वर्ष अवधिको कमजोर खर्च अवस्थामध्ये एक हो।

त्यसै गरी आव २०७९/८० मा ४७ अर्ब दुई करोड ५० लाख ५२ हजार रुपियाँ बजेटमध्ये २६ अर्बभन्दा बढी खर्च भएको थियो। उक्त वर्ष खर्च प्रगति ५७.१४ प्रतिशतमा सीमित रह्यो। यस्तै आव २०७८/७९ मा करिब ३४ अर्ब ८७ करोड बजेटमध्ये २२ अर्ब ४७ करोड रुपियाँ खर्च भएको थियो भने खर्च प्रतिशत ६३.८० प्रतिशत रहेको थियो। प्रदेश सरकारको बजेट कार्यान्वयनमा सबैभन्दा ठुलो समस्या पुँजीगत खर्चतर्फ देखिएको छ। कर्मचारी तलब, प्रशासनिक सञ्चालन र नियमित कार्यक्रमसँग सम्बन्धित चालु खर्च तुलनात्मक रूपमा सहज तरिकाले अघि बढे पनि सडक, सिँचाइ, ऊर्जा, भवन तथा अन्य पूर्वाधार निर्माणसँग जोडिएको पुँजीगत बजेट खर्चमा अपेक्षित सुधार हुन सकेको छैन।

मन्त्रालयगत रूपमा हेर्दा प्रशासनिक प्रकृतिका केही मन्त्रालयले तुलनात्मक रूपमा राम्रो खर्च प्रगति देखाए पनि भौतिक पूर्वाधार विकास, खानेपानी, ऊर्जा तथा सिँचाइ, भूमि व्यवस्था, कृषि तथा सहकारी जस्ता विकासमुखी मन्त्रालयको बजेट कार्यान्वयन अपेक्षा अनुसार हुन नसकेपछि मधेश प्रदेश सभाको अर्थ तथा योजना समितिले पत्राचार गरेको छ। समितिका सभापति अनिताकुमारी साहले प्रदेश सरकारको खर्च प्रगति सन्तोषजनक नरहेको भन्दै सम्बन्धित मन्त्रालयहरूसँग स्पष्टीकरण मागसहित पत्राचार गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, “मधेश सरकारको खर्च प्रगति समग्रमा निराशाजनक देखिएकोबारे समितिले मन्त्रालयलाई पत्राचार गरेको छ। साता दिनभित्र जवाफ माग गरिएको छ।”

प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष तथा अर्थविद् डा. भोगेन्द्र झाका अनुसार व्यवस्था फेरिए पनि कार्यशैलीमा अपेक्षित सुधार आउन नसक्दा मधेश प्रदेशको पुँजीगत खर्च कमजोर बनेको छ। उहाँले आवको अन्त्यमा अत्यधिक खर्च हुने प्रवृत्तिले वित्तीय अनुशासनमाथि प्रश्न उठाएको बताउँदै खर्च गर्ने क्षमता, समयमै योजना कार्यान्वयन, नियमित अनुगमन र राजनीतिक प्रतिबद्धता सुदृढ भए बजेट कार्यान्वयनमा सुधार आउने धारणा व्यक्त गर्नुभयो।

समग्रमा पछिल्ला पाँच वर्षको खर्च विवरणले मधेश प्रदेशमा बजेट कार्यान्वयनको पुरानै समस्या कायम रहेको देखाएको छ।

# नगर अस्पतालमा मुटुरोग सम्बन्धी विशेषज्ञ सेवा सुरु

**जनार्जन खत्री**

सर्लाही, २३ साउन। नगर अस्पताल लालबन्दीमा शनिबारदेखि मुटुरोग सम्वन्धी विशेषज्ञ सेवा शुभारम्भ गरिएको छ। लालबन्दी नगरपालिका, नगर अस्पताल र नेपाल हृदय रोग प्रतिष्ठान सर्लाही शाखाको समन्वयमा मुटुरोग सम्वन्धी विशेषज्ञ सेवा सुरु गरिएको हो। अस्पतालमा अब प्रत्येक महिनाको चौँथो शनिबार मुटुरोग विशेषज्ञ (कार्डियोलोजिस्ट) डा. सुवास सुवेदीले मुटुरोगका बिरामीलाई सेवा प्रदान गर्नुहुने नगर अस्पतालका मेडिकल सुपरीटेन्डेन्ट डा. चन्दन चौधरीले जानकारी दिनुभयो।

भरतपुर सरकारी अस्पतालमा कार्यरत मुटुरोग विशेषज्ञ डा. सुवेदी लालबन्दी नगरपालिका-७, डाँडाटोलका स्थानीय वासिन्दासमेत हुनुहुन्छ। यस क्षेत्रका मुटुरोगीहरु उपचारका लागि टाढा धाउनुपर्ने बाध्यतालाई मध्यनजर गर्दै डा. सुवेदीसँग सम्झौता गरी उहाँलाई महिनाको एक दिन मात्र भए पनि नियमित बोलाएर स्वास्थ्य परीक्षण तथा उपचारको व्यवस्था मिलाइएको




लालबन्दी नगरपालिकाका प्रमुख वासुदेव अधिकारीले बताउनुभयो।

उच्च रक्तचाप, हर्टअट्याक, मुटुको धडकन गडबडी भएका बिरामीले डा. सुवेदीसँग स्वास्थ्य परीक्षण गराउन सक्ने व्यवस्था मिलाइएको नगर अस्पतालले जनाएको छ। मुटुरोग विशेषज्ञ डा. सुवेदीसँग सेवा लिँदा बिरामीले ओपिडी शुल्कबापत एक सय रुपियाँ तिनुपर्ने र कुनै प्रकारको परीक्षण गर्नुपर्दा नगर अस्पतालले लिँदै आएको शुल्क अनुसार हुने मेसु डा. चौधरीले बताउनुभयो।

डा. सुवेदी महिनाको एक मदिन यहाँ आएर सेवा प्रदान गर्दा यस क्षेत्रका मुटु रोगीलाई परामर्श तथा उपचारका लागि बारम्बार अन्यत्र धाइरहनुपर्ने बाध्यता कम हुने अपेक्षा गरिएको छ। नेपाल हृदय रोग प्रतिष्ठानका केन्द्रीय सदस्य बाबुकाजी नुच्छे प्रधानले लामो समयदेखिको प्रयासपश्चात मुटुरोग विशेषज्ञ महिनामा एक दिन मात्र भए पनि नगर अस्पतालमा बस्ने व्यवस्था मिलाउन सफल भएको बताउनुभयो। शनिबार बिहान लालबन्दी नगरपालिकाका नगरप्रमुख वासुदेव अधिकारीको मुटु परीक्षण गरी विशेषज्ञ सेवाको सुरुवात गरिएको छ। शनिबार पहिलो दिन नै ५० जना भन्दा बढी बिरामी डा. सुवेदीबाट सेवा लिन आउनुभएको नगर अस्पताल लालबन्दीले जनाएको छ। बिरामीको चाप अत्यधिक हुने अवस्था देखिएकाले आगामी महिनादेखि पहिले नै बिरामीको नाम दर्ता गराउने र निश्चित संख्या तोकेर उपचारको व्यवस्था मिलाउने तयारी रहेको अस्पतालका मेसु डा. चौधरीले बताउनुभयो।

# मधेसमा ९५ प्रतिशत रोपाइँ

जनकपुरधाम, २३ साउन। मधेस प्रदेशमा ९५ दशमलव ५१ प्रतिशत रोपाइँ भएको छ। प्रदेश कृषि विकास निर्देशनालय धनुषाका अनुसार आजसम्म प्रदेशभर तीन लाख ६५ हजार २९१ दशमलव १५ हेक्टर क्षेत्रफलमा रोपाइँ भएको छ। प्रदेशका आठ जिल्लामध्ये सिरहा र बारामा शतप्रतिशत रोपाइँ सम्पन्न भएको छ। सिरहामा ५४ हजार हेक्टर क्षेत्रफलमा धानखेती हुने प्रदेश कृषि विकास निर्देशनालयका बागबानी अधिकृत किरण विश्वकर्माले जानकारी दिए। उनका अनुसार बारामा लक्ष्यभन्दा बढी रोपाइँ भएको छ।

बारामा ४५ हजार १०० हेक्टर क्षेत्रफलमा रोपाइँ गर्ने लक्ष्य लिइएकामा यस वर्ष ४६ हजार हेक्टर क्षेत्रफलमा रोपाइँ भएको अधिकृत विश्वकर्माले बताए। उनका अनुसार सप्तरीमा ९१ दशमलव २५ प्रतिशत, धनुषामा ९० प्रतिशत रोपाइँ भएको छ। जिल्लामा ४३ हजार ९०० हेक्टर क्षेत्रफलमा धानखेती हुने लक्ष्य रहेकामा हालसम्म ३९ हजार ३३० हेक्टरमा रोपाइँ सकिएको कृषि विकास निर्देशनालयले जनाएको छ।

सर्लाहीमा ९९, रौतहटमा ९८, पर्सामा ९१, महोत्तरीमा ८१ दशमलव ६८ प्रतिशत रोपाइँ भएको कृषि विकास निर्देशनालयले जनाएको छ। मधेस प्रदेशमा कूल तीन लाख ८२ हजार ४३३ हेक्टर क्षेत्रफलमा धानखेती हुने अनुमान गरिएको छ। अनुकूल वर्षा र पर्याप्त सिँचाइ सुविधाका कारण यस वर्ष रोपाइँ सन्तोषजनक भएको अधिकृत विश्वकर्माले बताए।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)